रूपा गाउँपालिका

# Rupa Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

रूपाकोट, कास्की

Rupakot,Kaski

गण्डकी प्रदेश, नेपाल Gandaki Province, Nepal

पत्र संख्या/Reference No.: २०७९।०८०

चलानी नं/Dispatch No:

## सडक मर्मत सम्भार समूहका सदस्यहरुको छनौट सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०३/०१)

पुर्वाधार विकास कार्यालय, कास्कीको माग बमोजिम बेगनासताल तालवेशी भोर्लेटार सडक मर्मत सम्भार कार्यका लागि सडक मर्मत सम्भार समुहका सदस्यहरुको छनौट तपसिल बमोजिम हुने हुदाँ योग्यता पुगेका इच्छुक व्यक्तिहरुले सूचना प्रकाशित मितिले १५ दिनभित्र दरखास्त पेश गर्नुहुन सुचित गरिन्छ ।

| गाउँपालिका / सडक | सुरु स्थान | अन्तिम स्थान | लम्बाई | माग संख्या |
|---|---|---|---|---|
| रुपा गाउँपालिका (बेगनासताल तालबेशी भोर्लेटार ) | चे.८+२२० तालवेशी | २०+०२० भोर्लेटार | १२.२ किलोमिटर | ७ |

तपसिलः

१. सडक मर्मत सम्भार समुह सदस्यहरुले सामूहिक रुपमा सडकको आधारभूत सरसफाई, नाला खोल्ने कार्य, साधारण अवरोध हटाउने कार्य तथा स-साना मर्मतका काम गरी सडकलाई राम्रो अवस्थामा राख्नुपर्नेछ।

२. मर्मत सम्भार सम्बन्धी कार्य अवधि एक बर्षमा बढीमा ४ महिनाको हुनेछ।

३. उक्त सडक खण्डको सम्पुर्ण भागमा राम्रो अवस्था कायम भएका सडक मर्मत सम्भार समुहलाई दैनिक ज्यालादारीका आधारमा पारिश्रमिक उपलब्ध गराइनेछ।

४. सडक खण्डको कुनै भागको अवस्था नराम्रो भएमा उक्त समुहलाई दिने मासिक पारिश्रमिकबाट रकम कट्टा गरिनेछ।

५. सडक मर्मत सम्भार सम्बन्धी काम गरेका अनुभवी व्यक्तीहरुलाई विशेष सहायता दिइनेछ।

छनौटका आधारहरु

प्राविधिक आधारहरु

१. १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको।

२. शारीरिक र मानसिक रुपमा सडक मर्मत सम्भारका लागि योग्य भएको।

३. स्थानीयलाई विशेष प्रथामिकता दिइनेछ।

सामाजिक आधार

१. आवेदनकर्ता बेरोजगार हुनुपर्नेछ वा २५% समय मात्र रोजगार हुनुपर्नेछ।

२. आर्थिक अवस्था कमजोर भएकालाई विशेष प्रथामिकता दिइनेछ।

३. महिलाहरुलाई विशेष प्रथामिकता दिने, कम्तीमा ३३ % महिला कामदार छनौट गरिनेछ। सम्भव भएसम्म सबै महिला कामदार छनोट गरिनेछ।

४. कम्तिमा ४०% कामदार दलित,जनजाती, अल्पसङ्ख्याक तथा पिछडिएको वर्गबाट छनौट गरिने।

नोटः सेवा सुविधा लगायत अन्य बिषयहरु गण्डकी प्रदेश सरकारको Routine Maintenance Group (RMG) Guidelines अनुसार हुनेछ ।

आवेदन फारम पाइने र बुझाउने स्थान: रूपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय कास्की।
थप जानकारीको लागि रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्की तथा पुर्वधार विकास कार्यालय कास्कीमा सम्पर्क गर्न सक्नुहुनेछ।

२०८०।३।१

प्रमुख प्रशासकीय अधिकृत